**देवघाट गाउँपालिका, गाउँ कार्यपालिकाको वैठक मिति २०८०/०६/३० को वैठकको मुख्य मुख्य निर्णयहरु यस प्रकार रहेका छन ।**

१. यस कार्यालयबाट मिति २०८०/०५/१९ मा ठेक्का नं. NCB/DRM/GOODS/04/2080/81 ब्याक हो लोडर खरिदको लागि ई-बिडिङ मार्फत बोलपत्र आह्वानको सूचना प्रकाशित गरिएकोमा उक्त सूचनामा उल्लेखित टेक्निकल स्पेशिफिकेशन प्रति ब्याक हो लोडर आपूर्ति गर्ने कुनै एक कम्पनीबाट गुनासो तथा उजुरी प्राप्त भई सो स्पेशिफिकेशन उपर मिति २०८०/०६/०८ मा संशोधन गरिएकोमा उक्त संशोधित स्पेशिफिकेसन प्रति पनि पुन: ३ (तीन) वटा कम्पनीबाट गुनासो तथा उजुरी प्राप्त भएकोले सो स्पेशिफिकेशन तयार गर्ने मेकानिकल ईन्जिनियरलाई पुन: स्पेशिफिकेशन संशोधनको लागि अनुरोध गरिएकै अवस्थामा सार्वजनिक खरिद अनुगमन कार्यालय लगायतका निकायहरुबाट पत्र अनुसार खरिद प्रकृया सार्वजनिक खरिद ऐन, २०६३ को दफा ३(१) दफा ४ बिपरित भएको भनी उजुरी परेको पत्र प्राप्त भएको अवस्थालाई समेत मध्यनजर गरी उक्त खरिद कार्यको ठेक्का रद्द गर्ने निर्णय गरियो ।

२. देवघाट गाउँपालिकाको मेलमिलाप केन्द्र सञ्चालन सम्बन्धी कार्यविधि-२०८०, स्वीकृत गर्ने निर्णय गरियो ।

३. फोहोरमैला उठाउन, डम्पिङ साइटमा लैजान तथा व्यवस्थापन गर्न चालु आ.व. मा सम्झौता गरिएको ट्याक्टरको मूल्यमा नबढाई सोही मूल्यमा नै फोहोर व्यवस्थापन गर्न ३ महिना म्याद थप गरिएकोमा पुन: २ (दुई) महिना (२०८० मंसिर मसान्त) सम्म म्याद थप गर्ने निर्णय गिरयो ।

४. स्थानीय उत्पादन बिक्री तथा व्यवस्थापन कार्यको लागि मिति २०८०/०६/२३ मा एक हप्ते शिलबन्दी दरभाउ पत्र आह्वान गरिएकोमा उक्त समयावधिमा कुनै पनि आवेदन नपरेको कारणले पुन: एक हप्ता शिलवन्दी दरभाउ पत्र आह्वानको सूचना म्याद थप गर्ने निर्णय गरियो ।

५. देवघाट गाउँपालिकाको ठेक्का नं. NCB/DRM/ROAD/CN1/2079/080 Ghinatar-Devghat-Deupur road upgrading कार्यको पहिलो रनिङ विल प्राविधिक मूल्याङ्कनको आधारमा भुक्तानी दिने र कार्यपालिकाबाट यस अघि बैंक ग्यारेण्टी रकम तान्ने निर्णय भएकोमा तत्कालको लागि बाँकी रकम तान्ने कार्य स्थगित गर्न सम्बन्धीत बैंकलाई पत्राचार गर्ने निर्णय गरियो ।

६. देवघाट गाउँपालिकाको प्रशासकीय भवन निर्माणका क्रममा अत्यावश्यक देखिएका कार्यहरु थपघट गर्ने र उक्त निर्माण कार्यको लागि सो शीर्षकमा विनियोजित रकमबाटै व्यहोर्ने निर्णय गरियो ।

७. देवघाट गाउँपालिका अन्तर्गत वडा नं. ५ मा कोशेली घर व्यवस्थापन तथा सञ्चालनका लागि वडा नं. ५ का वडा अध्यक्ष श्री पूर्ण बहादुर कुँवरलाई जिम्मेवारी तोक्ने निर्णय गरियो ।

८. विभिन्न सञ्चार माध्यमहरुलाई जनहितमा आधारित सूचना तथा कार्यक्रमको समाचार प्रचारप्रसारको लागि तपसील बमोजिमको रकम सम्झौता गरी उपलब्ध गराउने निर्णय गरियो ।

तपसील:

क) देवघाट सन्देश :- रु. ८०,०००।–

ख) देवघाट अनलाईन :- रु. ८०,०००।–

ग) डायनामिक मिडिया :- रु. ८०,०००।–

घ) सेतीमादी दमौली :- रु. ८०,०००।-

९. श्री गाउँ सुधार समिति देवघाट-५ ले देवघाट गाउँपालिका अन्तर्गतका सम्प्रदायहरुको मौलिक संस्कृतिको जगर्ना गर्ने एवंम् पर्यटन प्रवर्द्धनका लागि दशैं तिहार लक्षित "**सांस्कृतिक संरक्षण पर्यटन विकाशको प्रवर्द्धन हाम्रो देवघाट कार्यक्रम"** सञ्चालनको लागि विविध खर्च शीर्षकबाट रु. १,५०,०००।– (अक्षरुपी एक लाख पचास हजार रुपैंया मात्र) उपलब्ध गराउने निर्णय गरियो ।

१०. भरतपुर महानगरपालिकाद्वारा आयोजना हुने **भरतपुर भ्रमण वर्ष २०२४** लाई सफल पार्न देवघाट गाउँपालिकाले देवघाट क्षेत्रको मौलिक कला संस्कृतिको संरक्षण र प्रवर्द्धनलाई प्रचारप्रसार गर्ने गरी उक्त भ्रमण वर्षलाई सफल पार्न सहयोग गर्ने निर्णय गरियो ।